# पूर्वाधार विकास गर्दै गाउँ फर्काउने अभियान

■ वासुदेव पौडेल

**गण्डकी**–रोजगारीसँगै सेवा सुविधाको खोजीमा गाउँ छाडेका सर्वसाधारणलाई फर्काउने अभियानमा यतिखेर विभिन्न स्थानीय तहले सक्रियता देखाउन थालेका छन् ।

प्रकृति र संस्कृतिमा सम्पन्न भएर पनि त्यसको उपयोग गर्न नसक्दा वर्षौंदेखि पछि पर्नुपरेको वास्तविकतालाई दृष्टिगत गर्दै यतिखेर कतिपय स्थानीय तहले प्राकृतिक र सांस्कृतिक सम्पदालाई आयआर्जनमा जोड्न थालेका हुन् । ग्रामीण बस्तीमा पहिलो आवश्यकताका रूपमा रहेको खानेपानी तथा सडकको समस्या समाधान गर्दै प्राचीन संस्कृतिका विभिन्न पक्षलाई उजागर गर्न खोजिएको तनहुँको भिमाद नगरपालिका-२ का वडाध्यक्ष भवानीशङ्कर लम्सालले बताए । 'विगतमा आधारभूत आवश्यकताका रूपमा रहेका खानेपानी तथा सडकको समस्याबाट मुक्त बन्न गाउँबाट शहरतर्फ बसाइँ सर्ने अवस्था निकै बढ्यो' उनले भने, 'आधारभूत सुविधाको खोजीमा गाउँ छाडेका सर्वसाधारणलाई ती सेवा सुविधा उपलब्ध गराउँदै पुनः गाउँमा नै फर्काएर स्वरोजगार बनाउने लक्ष्यका साथ प्रयास थालेका छौँ ।'

वडामा रहेका सिद्धगुफा, कोट बाराहीजस्ता धार्मिक एवं ऐतिहासिकस्थललाई पर्यटनसँग जोड्दै स्थानीयवासीको आयआर्जनमा टेवा पुर्याउने लक्ष्य राखिएको उनले बताए । यहाँस्थित सिद्धगुफा विश्वकै ठूलो गुफा दाबी गरिएको लम्सालले बताए । सातातले गुफाको प्रवर्द्धन र विकासका लागि संघले चासो दिएको बताउँदै उनले संघ, प्रदेश र स्थानीय तहको संयुक्त प्रयासमा यसको विकास गरिने उल्लेख गरे । गुफाभित्र पसेपछि त्यहाँ विभिन्न दृश्यलाई नियाल्न सकिने बताउँदै लम्सालले झण्डै १५० जनासम्म अट्ने फराकिलो स्थान गुफाभित्रै पाइएको जानकारी दिए ।

यहाँको अर्को धार्मिक पर्यटकीय तीर्थस्थल कोट बाराही हो । समुद्री सतहबाट एक हजार २५५ मिटरको उचाइमा रहेको यस स्थलको अस्तित्व नेपालका बाइसे चौबीसे राजाको पालादेखि रहँदै आएको स्थानीय समाजसेवी एवं खुदेपानी तेर्सो टोल विकास संस्थाका अध्यक्ष धर्मराज सुवेदीले जानकारी दिए । मनले चिताएको पुग्ने धार्मिक विश्वासका कारण टाढाटाढाबाट दर्शनार्थी भाकल एवं सामान्य पूजाका लागि आउने गरेको उनले बताए । उचाइमा रहेर पनि कोट बाराही क्षेत्रमा पानी पर्याप्त हुनुलाई यहाँका सर्वसाधारणले दैवीशक्तिको प्रभावका रूपमा समेत लिने गरेका छन् । लामो समय खडेरी परेका अवस्थामा कोट बाराहीको पूजाआजा गरेमा पानी पर्ने जनविश्वास अहिले पनि कायमै छ । विगतदेखि खानेपानीको चरम समस्या झेल्दै आएको यस क्षेत्रमा अहिले भने पानीको व्यवस्थापनका लागि स्थानीय तहबाट सक्रियता देखाइएको छ । कोट बाराही क्षेत्रको साथै वडाभित्रकै सिमलधारो क्षेत्रको पानी व्यवस्थापन गरेमा वडामा खानोपानीको विद्यमान समस्या समाधान हुने सुवेदीको भनाइ छ ।

'विगतमा खानोपानी तथा सडककै अभावका कारण यहाँका मानिस अन्य स्थानमा बसाइँ सरेका हुन्' उनले भने, 'आधारभूत सुविधा मात्रै उपलब्ध गराउन सकेमा पुनः गाउँ फर्कने क्रमको शुरुआत हुनेछ ।' वडा कार्यालयले कोट बाराही मन्दिर परिसरमा लिफ्टिङ गरेर पानीको व्यवस्थापन गरिसकेको छ । भिमाद बजारस्थित सेती नदीको पुलबाट ११.५ किमी पार गरेर यहाँको टेक्रेबजार आउन सकिन्छ । भिमादबाट शुरु भएको सडक हुँदै पाल्पाको रामपुरसम्म पुग्न सकिन्छ । यहाँको १५ किलोमिटर सडक कालोपत्र भइसकेको छ भने अन्य हुने क्रममा छ । टेक्रेबाट रामपुर पुग्न ४५ किलोमिटर दूरी पार गर्नुपर्दछ । साना तथा ठूला विभिन्न योजनाका माध्यमबाट यहाँका सर्वसाधारणलाई सडकको पहुँचमा पुर्याउने लक्ष्यका साथ काम भइरहेको वडाध्यक्ष लम्सालले जानकारी दिए ।

उनका अनुसार यस आर्थिक वर्षमा लिफ्टिङ खानेपानीका लागि क्रमागत बजेटअनुसार १६ लाख ५० हजार विनियोजन गरिएको छ । वडामा फलुन थान खानेपानी योजना, रघु खानेपानी योजनाजस्ता योजना सञ्चालन भइरहेका छन् । विगतमा शिक्षाको केन्द्रजस्तै बनेको यहाँको वडामा कक्षा ११ र १२ को पठनपाठन हुने एउटा विद्यालय पनि नरहेको स्थानीय शिक्षासेवी एवं बाल विकास मावि टेक्रेका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष इमानसिंह थापाले जानकारी दिए । कक्षा ११ र १२ को पठनपाठन यहीँ गर्न सकेमा पनि गाउँ छाड्ने क्रमलाई निरुत्साहन गर्न सकिने उनको भनाइ छ । तत्कालीन राणा प्रधानमन्त्री देवशम्शेरको पालामा यहाँको किहुँ प्रावि भाषा पाठशालाका रूपमा रहेको थियो । तत्कालीन समयको गरिमा र महत्वलाई कायम गराउनका लागि पनि वडाभित्र कक्षा ११ र १२ को कक्षा सञ्चालन गरिनुपर्ने यहाँका स्थानीय बुद्धिजीवी बताउँछन् । वडाको सबैलाई पायक पर्ने टेक्रेस्थित बाल विकास माविमा कक्षा ११ र १२ को पठनपाठन सञ्चालन गर्न सकिने धेरै सम्भावना रहेको अध्यक्ष थापाले बताए । विद्यालयमा हाल पुस्तकालय, विज्ञान प्रयोगशालाजस्ता आधारभूत पूर्वाधार रहेको उनको भनाइ छ ।

वडामा भित्रिने पर्यटकका लागि यहाँस्थित रघु सामुदायिक घरवासमा बस्न सक्ने व्यवस्था मिलाइएको छ । मगर समुदायको बाहुल्य रहेको घरवासमा आउने पर्यटकले मगर संस्कृतिमा आधारित घाँटु, झ्याउरे, नचरी आदिको अवलोकन गर्न पाउँछन् । यहाँको टेक्रेगाउँमा पनि नचरी संस्कृतिलाई जोगाएर राखिएको छ । भौतिक पूर्वाधार विकाससँगै कृषिजन्य उत्पादनमा स्थानीयलाई जोड्नका लागि स्थानीय तहबाट विभिन्न बीउबिजन उपलब्ध गराउन थालिएको वडाध्यक्ष लम्सालले जानकारी दिए । रासस

# गाउँबाट विरक्तिएका मनलाई गाउँमै फर्काउन सुझाव

■ प्रभाव संवाददाता



**दमौली**–नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले पक्की पुल निर्माणसँगै यस भेगको विकास निर्माणले गति लिने जानकारी गराएका छन् ।

तनहुँको सेती नदीमाथि निर्मित पक्की पुलको उद्घाटन गर्दै उनले पुलको महत्व दर्शाएका हुन् ।

सो अवसरमा वरिष्ठ नेता पौडेलले पुल निर्माणसँगै विकास निर्माणले गति लिने भन्दै गाउँबाट विरक्तिएर गएका मनलाई गाउँमै फर्काउने अभियान सञ्चालन गरिरहनु पर्ने बताए । उनले गाउँमै रोजगारी सिर्जना गर्नेतर्फ सरकार लाग्नुपर्ने सुभाव दिए । अब गाउँबाट टाढा गएका युवाहरूलाई गाउँमा सेवा र सुविधा पुर्याएर गाउँमै बस्ने वातावरण सरकारले सिर्जना बताए ।

उनले गाउँमा रोजगारी नहुँदा युवाहरू गाउँबाट शहर झर्ने क्रम शुरु भएको बताए । नेता पौडेलको भने, 'अब गाउँमै रोजगारी र आम्दानीको अवस्था सिर्जना गर्नेतर्फ सबै सरकार लाग्नुपर्छ ।' विगतमा देशको राजनीतिक व्यवस्थाको टुङ्गो नहुँदा देश अलमलमा परेपनि अब सबै व्यवस्था टुङ्गिसकेकाले अबको एउटै मात्र ध्यान विकास र समृद्धि हुनुपर्नेमा उनले बताए ।

वरिष्ठ नेता पौडेलले तनहुँ निर्वाचन क्षेत्र नं १ अन्तर्गतको व्यास नगरपालिका र निर्वाचन क्षेत्र नं २ अन्तर्गतको ऋषिङ गाउँपालिका जोड्ने सोडेस्थित सेती नदीमाथिको पक्की पुलको उद्घाटन गरेका थिए । उक्त पुलले व्यास नगरपालिका-१३ र ऋषिङ गाउँपालिका-३ लाई जोड्छ । विसं २०७१ असार २९ गते सम्झौता भई विसं २०७७ वैशाख ३० गते उक्त पुलको निर्माण सम्पन्न भएको छ । १० करोड ७१ लाख २७८ लागत रहेको उक्त पुलको लम्बाइ १०५ मिटर रहेको छ ।

संविधानसभा सदस्य झुलबहादुर आले, गण्डकी प्रदेश सभा सदस्य डोवाटे विक, सरिता गुरुङलगायतले पक्की पुल निर्माणसँगै यहाँका बासिन्दालाई कृषि उपज सामग्री बजारसम्म ल्याएर बिक्री गर्न सहज हुने बताए ।

जिल्ला समन्वय समितिका प्रमुख शान्तिरमण वाग्लेले पुल निर्माणले यस भेगको समृद्धिको ढोका खुलेको बताए ।

## नेपाल आयल निगम लिमिटेड

**बागमती प्रादेशिक कार्यालय, थानकोट, काठमाडौँ, नेपाल**

**फोन: +९७७-१-४३११२०३ इमेल: noc.thankot@nepaloil.org.np**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मितिः २०७७।०८।१७ (तदनुसार मितिः 2nd December, 2020)

यस कार्यालयबाट मितिः २०७७ असोज २० गते (तदनुसार मितिः 6th October, 2020) र २९ असोज गते (तदनुसार मितिः 15th October, 2020) को 'प्रभाव दैनिक' राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार तपशिल बमोजिम निर्माण कार्यको लागि निर्धारित मिति र समयभित्र पेश हुन आएका बोलपत्रहरु मध्येबाट निम्न बोलपत्रदाताहरुको बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही ठहर भई स्वीकृत गर्ने आशयले छनौट गरिएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३को दफा २७ को उपदफा २ र ३ तथा सोही ऐनको दफा ४७ को प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| सम्झौता संकेत नम्बर | निर्माण कार्य | छनौट भएका बोलपत्रदता/निर्माण व्यवसायीको नाम तथा ठेगाना | कबोल रकम (मू.अ.कर बाहेक नेपाली रुपैयाँ) |
|---|---|---|---|
| NOC/BP/NCB/W/2077/78-01 | Construction of Premix Bitumen Black Top Pitch around Tank area at Fuel Depot Thankot, Kathmandu | Chandrajyoti Construction and Suppliers Pvt. Ltd., कोटेश्वर, काठमाडौँ, नेपाल । स्थाई लेखा नं -६०३४४९०९५ | ५१,३३,०४१।९५ |
| NOC/BP/NCB/W/2077/78-02 | Construction of Toilets for Parking TT and Near canteen for Staff of TT and Visitors at Fuel Depot Thankot, Kathmandu | Bijon Construction, कोटेश्वर, काठमाडौँ, नेपाल स्थाई लेखा नं -६००२११५४७ | ५१,५६,९३३।९४ |
| NOC/BP/NCB/W/2077/78-03 | Interior Design of Bill Room with Furniture Facilities at Fuel Depot Thankot, Kathmandu | Kabi Nirman Sewa, भक्तपुर, नेपाल स्थाई लेखा नं -६१२९४९००३ | ४२,१०,७६१।०० |

## साँफेबगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

साँफेबगर, अछाम
सुदुरपश्चिम प्रदेश, नेपाल

### कर्मचारी भर्ना सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७७/०८/१७**

साँफेबगर नगरपालिका, नगर कार्यपालिकाको निर्णयानुसार यस साँफेबगर नगरपालिकामा सञ्चालित गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत तपसिल बमोजिमका पदहरुमा सेवा करार मार्फत पदपूर्ति गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र देहाय बमोजिमको योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले रीतपूर्वक दरखास्त पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**विज्ञापन नं. ०२/०७७/७८**

**१. कर्मचारी विवरण**

| क्र.सं. | पद | संख्या | शैक्षिक योग्यता | कार्य अनुभव | मासिक पारिश्रमिक | उमेरको हदबन्दी | स्रोत | कै. |
|---|---|---|---|---|---|---|---|---|
| १. | उद्यम विकास सहजकर्ता | २ जना | क) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद (सि.टी.ई.भि.टी.) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी डिप्लोमा कोर्ष उत्तीर्ण गरेको वा,<br>ख) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद (सि.टी.ई.भि.टी.) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सीप परिक्षण तह २ वा ३ उत्तीर्ण गरेको वा,<br>ग) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद (सि.टी.ई.भि.टी.) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी प्राविधिक प्रवेशिका परीक्षा (टी.एस.एल.सी.) वा सो सरह उत्तीर्ण गरेको | १ बर्ष | २६,६१०।- | पुरुषः १८ बर्ष उमे पुरा भई ३५ बर्ष ननाघेको<br>महिलाः १८ बर्ष उमेर पुरा भई ४० बर्ष ननाघेको | सशर्त | |

२. **आवेदन दिने अन्तिम मितिः** यो सूचना प्रकाशित भएको मितिले ७ औं दिनको दिन कार्यालय समयभित्र मात्र ।

३. **संलग्न गर्नुपर्ने कागजातहरुः** निवेदन सहित माथि उल्लेखित शैक्षिक योग्यता प्रमाण पत्रको प्रतिलिपि, नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि र २ प्रति पासपोर्ट साइजको फोटो

४. **आवेदन दिने तरिकाः** उल्लेखित कागजात सहित यस कार्यालयको राजश्व शाखामा रु. १,०००।- जम्मा गरेको नगदी रसिद संलग्न राखी दरखास्त आवेदन दिनु पर्नेछ ।

५. **परिक्षाको किसिमः** लिखित र मौखिक । परिक्षा समितिको निर्णय बमोजिम अन्य ।

६. **करार अवधिः** नियमानुसार तोकिए बमोजिम ।

७. स्थानीय उम्मेदवारहरुलाई पदपूर्ति समितिको निर्णय बमोजिम प्राथमिकता दिइनेछ ।

८. **थप जानकारीका लागिः** फोन नं. ०९७-६२५१८०, ९८५८४३०१११ मा सम्पर्क गर्नुहोला ।

९. सूचनामा उल्लेख भएदेखि बाहेकका अन्य प्रक्रियाको हकमा प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा गठित उम्मेदवार छनौट समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

## Invitation for Bids

## Ichchhakamana Rural Municipality Office, Chitwan

**Date of publication: 2077/08/17 BS (2020/12/02 AD)**

1. The Government of Nepal ***[GoN]*** has allocated funds or received a loan/credit/grant from ***GoN*, Ichchhakamana Rural Municipality** towards the cost of ***Construction Works*** and intends to apply part of the funds to cover eligible payments under the Contract. Bidding is open to all eligible Nepalese Bidders.
2. **Ichchhakamana Rural Municipality** invites electronic bids from eligible bidders for the Buying of ***Construction Works*** under National Competitive Bidding procedures.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of
   *Name* : **Ichchhakamana Rural Municipality Office**
   *Address* : **Kurintar, Chitwan,** ***Nepal. Telephone: 056-410111, or may visit PPMO website*** **www.bolpatra.gov.np/egp**
4. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO'S web site www.bolpatra.gov.np/egp Bidders, submitting their bid electronically , should deposit the cost (as specified above) of bidding document in the **Antarik rajaswa Khata** ( revenue) account as specified below and the scanned copy (pdf format) of the bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids, Information to deposit the cost of bidding documents in Bank :
   Name of the Bank: **Global IME Bank Ltd., Kurintar, Chitwan**
   Name of Office: **Ichchhakamana Rural Municipality Office, Chitwan**
   **Office Code no: 35-365-19, Dharauti Khata No: GA. 3 C401010000021,**
   **Antarik rajaswa Khata No: GA. 1.1 C404010000004,**
5. Pre-bid meeting shall be held at **Ichchhakamana Rural** ***Municipality Office, Kurintar, Chitwan at*** **2077/09/03 BS (2020/12/18AD)** ***at 13:00 hrs.***
6. **Bidder submitted their bid Hard Copy or electronically to the Ichchhakamana Rural Municipality Office**, Kurintar, Chitwan **through Hard Copy or PPMO web site: www.bolpatra.gov.np /egp** or below **12:00 hours on 2077/09/17BS (2021/01/01)**, Bids received after this deadline shall be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **13:00hrs**, **2077/09/17BS (2021/01/01AD)** at the office of **Ichchhakamana Rural Municipalit Office,** ***Kurintar, Chitwan.*** Bids must be valid for a period of **120 Days** after bid opening and must be accompanied by a bid security amounting to **a minimum 2.5% to 3%** ***of Estimated Amount***, which shall be valid for **30 days** beyond the validity period of the bid.
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. Other mandatory information as per PPA 2063 and PPR 2064. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever. Bidders are encouraged to visit the site and assess the actual site condition before submitting their bid.

| S.N | Tender Identification No. | Work Description | Nos. | Tender Document price NRs. | Estimated Amounts Without VAT and Contingency NRs. | Bid Security Amount in NRs. |
|---|---|---|---|---|---|---|
| 1 | *NCB/IRM/07/077/078* | Fishling Gumba Maintenance Works | 1 | 3000.00 ( non-refundable fee) | 21,55,166.567 | 75,000.00 |
| 2 | *NCB/IRM/08/077/078* | Syaklang Water Supply Project Works | 1 | **3000.00 ( non-refundable fee)** | 21,55,067.42 | 75,000.00 |

**Chief Administrative Officer**